ऋद्धिसिद्धि बचत तथा ऋण सहकारी संस्था लि.

घोराही–०४ गोग्ली, दाङ

१० औं वार्षिक साधारणसभा

२०८१ कार्तिक १० गते शनिबार

वार्षिक प्रगति प्रतिवेदन

यसभित्र

१. संस्थाको परिचय..२

२. अध्यक्षको तर्फबाट प्रस्तुत प्रतिवेदन..४

३. उपाध्यक्षको तर्फबाट मन्तव्य १०

४. सचिवको तर्फबाट प्रस्तुत प्रतिवेदन....................................१२

५. कोषाध्यक्षको तर्फबाट प्रस्तुत आर्थिक प्रतिवेदन....................१६

६. लेखा सुपरिवेक्षण समितिको प्रस्तुत प्रतिवेदन......................२५

संस्था परिचय

ऋद्धिसिद्धि बचत तथा ऋण सहकारी संस्था लिमिटेड २०७२ साल बैशाख १५ गते तत्कालिन डिभिजन सहकारी कार्यालय दाङ घोराहीमा दर्ता भएको हो । यस संस्थाको कार्यालय घोराही उप-महानगरपालिका वडा नं.४, गोग्लीमा रहेका छ। यो संस्था सहकारीताको विश्वव्यापी सिद्धान्त मुल्यमान्यता तथा नेपाल सरकारको सहकारी ऐन, नियमावली र नीति निर्देशिका र घोराही उपमहानगरपालिकाको सहकारी ऐन को अधिनमा रही संस्थाको कार्यक्षेत्रमा छरिएर रहेको पूँजी एकिकृत गर्दै शेयर सदस्यहरुको आर्थिक, सामाजिक तथा साँस्कृतिक विकासमा टेवा पुऱ्याउने हेतुले स्थापित भई संचालित संस्था हो। समुदायमा आधारित सदस्य केन्द्रित, लोकतान्त्रिक, स्वायत र स्वशासित संगठनको रुपमा यसले हाल सम्म १४८५ शेयर सदस्यहरुलाई सेवा पुऱ्याईरहेको छ। यो संस्था घोराही उपमहानगरपालिकाको वडा नं. ३,४ को एक सफल संस्थाको रुपमा रहेको छ।

परिकल्पना

समृद्ध आर्थिक, सामाजिक, स्वास्थ्य सहितका शेयर सदस्यहरुको सक्रिय सहभागितामा संचालित सहकारी मूल्य, मान्यता र सिद्धान्तमा आधारित सक्षम, सुशासित र क्रियाशिल वित्तीय संस्था।

लक्ष्य

सदस्यहरुको आर्थिक, सामाजिक तथा साँस्कृतिक विकास गरी समुन्नत समाजको निमार्णमा योगदान गर्ने।

उदेश्यहरु

सदस्यहरुमा नियमित बचत गर्ने बानीको विकास गर्ने, ऋण परिचालन गरी सदस्यहरुलाई आर्थिक विकास र उद्यमशीलता प्रर्वद्धनमा सहयोग गर्ने, सामाजिक सेवाका माध्यमबाट विपन्न तथा आपतविपदमा सहयोग प्रदान गर्ने ।

संस्थाले गर्ने मुख्य कार्यहरु

- नियामक निकायहरुबाट प्राप्त निर्देशनहरुको पालना एवं अन्य सहकारी संघ संस्थासंग सहकार्य गर्दै निम्न लिखित कार्यहरु गर्ने
- सदस्यहरुलाई शेयर विक्री गर्ने
- सदस्यहरुबाट बचत संकलन गर्ने र नियमानुसार व्याज प्रदान गर्ने
- उचित व्याजदरमा सदस्यहरुलाई ऋण लागानी गर्ने र यस संस्थाको सदुपयोग गर्दै आर्थिक उन्नती गर्न उत्प्रेरित गर्ने
- सहकारीताबारे सदस्यहरु र समुदायलाई जनचेतना बढाउने क्रियाकलाप गर्ने सदस्यहरुलाई विभिन्त सीपमुलुक प्रशिक्षण प्रदान गरी उद्यमशील बनाउने
- सामाजिक उत्तरदायित्वका कार्यहरु गर्ने
- संस्थागत विकासका लागि कर्मचारीहरुको क्षमता अभिबृद्धि गर्ने आदि ।

हार्दिक शुभकामना

नेपालीहरुको महान पर्व विजयादशमी, शुभ दीपावली तथा छठ पर्व २०८१ को पावन अवसरमा हामी हाम्रा समस्त शेयर सदस्यज्यूहरु तथा देश विदेशमा बस्नुहुने समस्त नेपाली दाजुभाइ, दिदीबहिनीहरुमा सुख शान्ति एवं समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

साधारणसभाको सूचना !

यस ऋद्धिसिद्धी वचत तथा ऋण सहकारी संस्थाको १० औं वार्षिक साधारणसभा निम्न मिति, समय र स्थानमा हुने भएकोले सम्पूर्ण शेयर सदस्यज्यूहरुलाई उपस्थितिको लागि अनुरोध छ ।

मिति : २०८१ कार्तिक १० गते शनिवार **समय** : दिनको ११ बजे

स्थान : होटल भिंग्रेली भिलेज घोराही, दाङ

श्रीधर घिमिरे (अध्यक्ष) एवं **विकास पाण्डेय** (सचिव)

ऋद्धिसिद्धी वचत तथा ऋण सहकारी संस्था लि.

घोराही-४ गोग्ली, दाङ फोन नं. ०८२-४१८००२

ऋद्धिसिद्धि बचत तथा ऋण सहकारी संस्था लि.

घोराही–०४,दाङ

आर्थिक वर्ष २०८०/२०८१ को
अध्यक्षको तर्फबाट वार्षिक प्रतिवेदन

श्री श्रीधर घिमिरे, अध्यक्ष

यस ऋद्धिसिद्धि बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १०औंबार्षिक साधारणसभा समारोहमा संस्थाको निमन्त्रणा लाई सहर्ष स्विकार गर्दै पाल्नुभएका प्रमुख अतिथीज्यू, विशेष अतिथीज्यूहरु, अतिथीज्यूहरु, नियमनकारी निकायबाट पाल्नुभएका प्रतिनिधीज्यूहरु तथा पर्यवेक्षकज्यूहरु, सञ्चारकर्मी महानुभावहरु, आदरणीय शेयरसदस्य महानुभावहरु, संस्थाका वर्तमान तथा निवर्तमान् सञ्चालक समितिका पदाधिकारी तथा सदस्य ज्यूहरु, लेखा सुपरिवेक्षण समितिका वर्तमान तथा निवर्तमान संयोजक तथा सदस्य ज्यूहरु,सल्लाहकार ज्यूहरु, विभिन्न उपसमितिका संयोजक तथा सदस्य ज्यूहरु, प्रतिनिधी ज्यूहरु संस्थामा आबद्ध सबै तहका कर्मचारीहरु साथै संस्थाको आधिकारिक फेसबुक पेजमार्फत यस गरीमामय सभामा जोडिनुभएका सम्पूर्ण महानुभावहरुमा सञ्चालक समितिको तर्फबाट हार्दिक स्वागत तथा न्यानो सहकारी अभिवादन व्यक्त गर्दै संस्था १० औंबार्षिक साधारण सभामा संस्थाको ज्ञणऔंबार्षिक प्रगती प्रतिवेदन २०८०/०८१ यहाँहरु समक्ष प्रस्तुत गर्न पाउँदा म अत्यन्त गौरवान्वित भएको छु ।

सदस्य महानुभावहरु,

यहाँहरुको अपार विश्वास तथा रचनात्मक भूमिकाको फलस्वरुप विगत १० बर्षदेखि संस्थाले गुणस्तरीय सेवा प्रवाह गर्दै आएको कुरा यहाँहरुलाई विदितै छ । यस अवधिमा संस्थाको सदस्यको भूमिकामा यहाँहरुको बहुमूल्य सुझावहरु संस्थाले अनुसरण गर्दै आईरहेको छ । यसैगरि संस्थालाई थप प्रगती उन्मुख गराउन आवश्यक निती तथा रणनितीहरु लगायतका बहुमुल्य सुझावहरु यस सभामा प्रस्तुत हुने अपेक्षाका साथ आ.ब. २०८०/०८१ को देशको समग्र आर्थिक अवस्थाको चित्रण गर्दै उक्त आ.ब.मा संस्थाले हासिल गरेका उपलब्धि सम्बन्धि प्रतिवेदन यस सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१. शेयर पुँजी :-

आर्थिक वर्ष २०८०।०८१ को अन्तसम्ममा रू. ६८,९८,८००/- भएकोछ, जुन अघिल्लो आर्थिक बर्षको तुलनामा १७.६२ % ले बृद्धि भएको छ । भने पल्स अनुगमन प्रणाली अनुसार संस्थाको शेयर पूँजी कूल सम्पतिको तुलनामा १७.६२% रहेको छ ।

२. निक्षेप बचत :-

आर्थिक वर्ष २०७९।०८० को अन्तसम्ममा रू. ४,५६,८८,७७०.७५ भएको छ, जुन अघिल्लो आर्थिक बर्षको तुलनामा २४.२८ % ले बृद्धि भएको छ भने पर्ल्स अनुगमन प्रणाली अनुसार संस्थाको निक्षेप बचत कूल सम्पतिको तुलनामा ७८.२९% रहेको छ ।

३. ऋण लगानी (शेयर सदस्हरुलाई) :-

आर्थिक आ.ब.२०७९।०८० को अन्तसम्ममा रू. ४,४२,३५,९८६/- भएकोछ, जुन अघिल्लो आर्थिक बर्षको तुलनामा २५.९८ % ले बृद्धि भएको छ भने पर्ल्स अनुगमन प्रणाली अनुसार संस्थाको सदस्य ऋण लगानी कूल सम्पतिको तुलनामा ७४.७७% रहेको छ ।

४.जगेडा कोष तथा अन्य कोषहरू :-

सहकारी ऐन २०७४ र नियमावली २०७५ अनुसार बचत (नाफा) को कम्तीमा २५% जगेडा कोष छुट्याई बाँकीबाट कम्तीमा २५% संरक्षित पूँजी फिर्ता कोष र ०.५% (शुन्य दशमलब पाँच) सहकारी प्रवर्द्धन कोष छुट्याई बाँकी रहेको रकमबाट अन्य कोषमा विभाजन गर्नु पर्ने व्यवस्था गरेको छ । सोही अनुसार आ.व.२०८०।०८१ जगेडा कोषमा २६,९८५३३।७० तथा अन्य कोषमा रु.८,५४०१५ ।३१ रहेको र सो सम्बन्धी विस्तृत विवरण लेखा परिक्षण प्रतिवेदनमा समावेश गरिएको व्यहोरा पनि जानकारी गराउन चाहन्छु । पर्ल्स अनुगमन प्रणाली अनुसार संस्थाको सस्थागत कूल सम्पतिको न्युनतम १०% हुनुपर्नेमा ६.१९% रहेको छ ।

५. वित्तिय लगानी :-

आर्थिक वर्ष २०८०।०८१ को अन्तसम्ममा रू. छ,द्द्ध,ज्ञण्ण/- भएकोछ, जुन अघिल्लो आर्थिक बर्षको तुलनामा ० % ले बृद्धि भएको छ भने पर्ल्स अनुगमन प्रणाली अनुसार संस्थाको वित्तिय लगानी कूल सम्पतिको तुलनामा ११.१६% रहेको छ ।

६. कुल सम्पत्ती :-

आर्थिक वर्ष २०८०।०८१ को अन्तसम्ममा रू. ५,७३,६०२४८।७६/- भएको छ, जुन अघिल्लो आर्थिक बर्षको तुलनामा २२.१५% ले बृद्धि भएको छ ।

७. तरलता :-

आर्थिक वर्ष .२०७९।०८० को अन्तसम्ममा रू. १,१८,९२,९६०.४३/- रहेको छ, भने पर्ल्स अनुगमन प्रणाली अनुसार संस्थाको वित्तिय लगानी कूल सम्पतिको अधिकत्तम २०% हुनुपर्नेमा २०.७३% रहेको छ ।

संस्थाले प्रदान गर्ने सेवाहरुः

बचत तथा ऋणः

☛ संस्थाले आफ्नो स्थापनाकाल देखिनै आफ्ना सदस्यहरुसँग निक्षेप लिने र उक्त निक्षेप लाई आफ्ना सदस्यहरुमाझ सदस्यहरुको आवश्यकता, परियोजना, धितो सुरक्षण र आयश्रोत का आधारमा कर्जा प्रवाह गर्दै आएको छ ।

रेमिटेन्स

☛ संस्थाले आफ्ना सदस्य तथा अन्य सेवाग्राहीहरुलाई आन्तरिक तथा अन्तरदेशीय विप्रेषण सेवा समेत प्रदान गर्दै आएको छ। जसमा हाल क्ष्भ्, जस्ता रेमिटेन्स सेवा प्रदायक कम्पनिहरुसंग सम्झौता गरि सेवा प्रदान गर्दै आएको छ ।

सम्पत्ति शुद्धिकरण निवारण ऐनको पालनाः

संस्थाले सम्पत्ति शुद्धिकरण निवारण ऐनमा भएका व्यवस्थाहरुलाई पालना गर्दै लगेको छ । सम्पत्ति शुद्धिकरण निवारण ऐन, नियमावली तथा वित्तीय जानकारी ईकाईले समय समयमा दिएको निर्देशन बमोजिक कार्य गर्दै आईरहेको व्यहोरा अवगत गराउदै संस्थाले सम्पत्ति शुद्धिकरण निवारण आन्तरिक कार्यविधी २०७८ लागु गरि कार्यान्वयन गरेको छ। खासगरि संगठीत अपराध तथा राजश्व छलीबाट आर्जित सम्पत्तिको व्यवस्थापन तथा शंकास्पद कारोवारमा संस्थालाई प्रयोग हुन नदिन आवश्यक सावधानीहरु अपनाईएको छ। संस्थाले ऋण लगानी गर्दा सदस्यहरुबाट आवश्यक धितो लिई ऋण उपभोग गर्नुको प्रयोजन समेत स्पष्ट खुलाई कानूनी कारोवार गर्ने सदस्यहरुलाई मात्र कर्जा दिने निती लिएको छ। अनलाईन कारोवार गर्ने सम्पूर्ण सदस्यहरुको सदस्य पहिचान विवरण तथा सहकारी व्यवस्थापन सूचना प्रणाली ऋइएइःक्ष्क्ष मा सदस्यता अद्यावधिक गर्ने गरिएको छ। बीलहरुको भुक्तानी गर्दा सम्बन्धित कम्पनिको नाममा चेक मार्फत भुक्तानी गर्ने गरिएको छ। एक दिनमा एक पटक वा पटक पटक गरि रु. १० लाख भन्दा बढी निक्षेप जम्मा गर्ने सदस्यहरु लाई रकमको श्रोत स्पष्ट रुपमा खुलाई निक्षेप लिने गरिएको छ ।

प्रविधि

समय सापेक्ष प्रविधीको अबलम्बन गरि सदस्य महानुभावहरुमा सर्वसुलभ तथा भरपर्दो सेवा प्रदान गर्न संस्था सदा अग्रसर रहेको छ। सदस्य महानुभावहरुको समय एवं लगानीको अधिकतम् प्रतिफल प्रदान गर्न सकियोस् भन्ने कुरामा संचालक समिति तथा कर्मचारी वर्गको ध्यान केन्द्रित छ। संस्थामा हाल प्रयोग भईरहेको ऋयकथक ँ्लबलअष्बा सफ्टवेयरको नयाँ भर्सन अद्यावधिक गरि सदस्यहरुको KYM मार्फत विस्तृत विवरण जुनसुकै समयमा प्राप्त गर्न सकिने

व्यवस्था, त्तच भुक्तानी प्रणालीलाई सुचारु गरिएको व्यहोरा जानकारी गराउदछौ । निमत भष्यिममा Mobile App ,SMS System र ATM प्रणालीलाई, सुचारु गर्ने प्रक्रियामा रहेको जानकारी गराउदछु ।

आदरणीय सदस्य महानुभावहरु,

आर्थिक बर्ष २०८०/०८१सहकारी क्षेत्रको लागि चुनौतिपूर्णरहेको बिषय यहाँहरु सबैलाई विदितै छ । रुस–युक्रेन युद्धको कारण आपूर्ति प्रणालीमा भएको अवरोधले मूल्यबृद्धिको चपेटामा परेको समयमा घरेलु वित्तीय बजारमा ब्याजदरको उच्च बृद्धिले गर्दा संस्थामा रहेको वित्तीय श्रोतको लागत बृद्धि भई समग्र ब्याज खर्च अत्याधिक बढेको र सन्दर्भ ब्याजदरको सीमाले गर्दा बचतको लागत बृद्धिको तुलनामा कर्जा तर्फ ब्याजदर बढ्न नसक्दा कर्जा लगानी तर्फबाट भएको ब्याज आम्दानीको तुलनामा ब्याज खर्च बढी भएको व्यहोरा अनुरोध गर्दछु । समिक्षा बर्षमा संस्थाको समग्र आम्दानीमा उच्च गीरावट आई ब्याजदरको असन्तुलनको कारण खुद मुनाफामा कमी हुन गएको छ । कर्जाको गुणस्तर मा सुधार आएको कारण कर्जानोक्सानी व्यवस्था तर्फ बाट उल्लेख्य रकम फिर्ता हुन गएको भएतापनि वित्तीय तरलता अभाव, ब्याजदरमा निरन्तर वृद्धि, सहकारी संस्थाहरुले तीन बर्ष भन्दा बढीको निक्षेप स्विकार गर्न नमिल्ने भएतापनि समग्र वित्तीय बजारमा दीर्घकालिन निक्षेप प्राथमिकतामा परेको, वित्तीय बजारमा अस्वस्थ प्रतिस्पर्धा जस्तो स्थिति कायम रहेको र समिक्षा बर्षमा समग्र बैंक, वित्तीय क्षेत्रमा नकारात्मकताको अवस्था सिर्जना भएको र विशेष गरि सहकारी क्षेत्रप्रति आम जनमानसमा नकारात्मकताको अवस्था सिर्जना भएकोले आर्थिक बर्ष २०८०/०८१ भर यस क्षेत्रले निकै अत्यासलाग्दो र चुनौतिपूर्ण अवस्थाबाट गुज्रन वाध्य हुनुपर्‍यो । संस्थाले चुस्त तथा आधुनिक सेवा लाई निरन्तरता दिई सदस्य महानुभावहरुको चौतर्फि हितमा व्यवस्थित तवरबाट लगानी गरि अधिकतम लाभ हासील गर्ने प्रयत्न गरिरहेको व्यहोरा अनुरोध गर्दै यहाँहरुको साथ र सहयोगले आगामी दिनमा अझ नयाँ योजना र उच्च प्रविधीको अनुकरण गर्दै यहाँहरुको सेवामा निरन्तर समर्पित रहने व्यहोरा समेत म यहाँहरु माझ अनुरोध गर्न चाहन्छु ।

सदस्य महानुभावहरु,

अब म यहाँहरुको संस्थाले आ.ब. २०८०/०८१ मा हासिल गरेका उपलब्धिहरुको सोहि आ.ब.को आषाढ मसान्त सम्मको तथ्यांकको आधारमा तयार गरिएको रिपोर्टमा आधारित भएर विवेचना गर्ने अनुमति चाहन्छु । आ.ब. २०८०/०८१ वित्तीय बजारमा असन्तुलित ब्याजदरको कारण संस्थाले प्रदान गर्ने ब्याजदरमा वृद्धि हुन पुग्यो । संस्थाले कर्जा लगानीमा कसीलो निती अपनाएको कारण २५ प्रतिशत रकम जगेडा कोषमा व्यवस्था गरि बाँकी रहेको रकमलाई १०० प्रतिशत मानि सो को २५ प्रतिशत रकम संरक्षित पुँजी फिर्ताकोषमा व्यवस्था गरेको व्यहोरा अनुरोध गर्दछु । साथै संरक्षित पूँजी फिर्ताकोष र सहकारी प्रवर्द्धन कोषमा छुट्ट्याई

बाँकी रहेको रकमको ७५ प्रतिशत रकम शेयर लाभांश कोषमा व्यवस्था गरेको र अन्य रकमहरु सहकारी ऐन नियममावली बमोजिम विभिन्न कोषमा छुट्ट्याईएको छ । जसमा सम्पूर्ण सदस्यमहानुभावहरुले समर्थन जनाउनुहुनेछ भन्ने विश्वास लिएको छु । त्यसैगरि संरक्षित पूँजी फिर्ताकोषको रकम पनि सदस्यहरुले यस संस्थासंग गर्नुभएको कारोवारको आधारमा वितरण गर्नुपर्ने कानूनी प्रावधान रहेकोले चालु आ.ब. मा उक्त रकम वितरण गरिने व्यहोरा समेत यस सम्मानित सभामा अवगत गराउँन चाहन्छु । वितरण गर्दा सहकारी नियमावली बमोजिम शेयर सदस्यहरुलाई उक्त रकमको ४० प्रतिशत बचतमा भुक्तान भएको ब्याजको आधारमा र ६० प्रतिशत रकम ऋणमा आम्दानी भएको ब्याजको आधारमा बाँडफाँड गरिएको छ । संचालक समितिको को निर्णय बमोजिम लगातार ३ बर्ष सम्म पनि साधारण सभामा उपस्थित नहुने सदस्यको सदस्यता सदस्यता खारिज गरि निजहरुको नाममा रहेको शेयर रकमलाई साधारण सभाबाट पारित गराई नियमानुसार जगेडा कोषमा रकमान्तर गरिने प्रस्ताव गरेको छु ।

संस्थाको भावि रणनिती र कार्यक्रमः

संस्थाले सहकारी क्षेत्रका असल अभ्यासहरुलाई अनुशरण गर्दै आएको छ आगामी दिनहरुमा पनि यसलाई निरन्तरता दिँदै सदस्य सेवालाई विस्तारित गर्न कार्यक्षेत्र भित्र सदस्य सेवा केन्द्र खोल्ने स्विकृत प्राप्त भएमा अनुकुल परिस्थितिमा उक्त कार्य अघि बढाईनेछ । संस्थाले हालसम्म गरेका कार्यहरुको मुल्याङ्कन तथा संस्थाको आन्तरिक सबलता तथा दुर्वलताको यथार्थ विश्लेषण गर्दै दुर्वल पक्षलाई हटाउदै जाने र सबल पक्षलाई तुलनात्मक लाभका क्षेत्रमा उपयोग गर्न र चुनौतिहरुको सामना गर्न प्रयोग गर्ने प्रक्रियामा सञ्चालक समिति कटिबद्ध रहेको छ । गतिशील समाजमा समयको गतिशीलता संगै संस्थाका सदस्यहरुको चाहना र आवश्यकता पनि परिवर्तनशील हुदै जाने तथ्यलाई मध्यनजर गर्दै यहाँहरुको सल्लाह, सुझाव, सहयोग र समर्थन को आधारमा आधुनीक सहकारीताका मान्यताहरुलाई व्यवहारमा उतार्ने भरमग्दुर प्रयत्न गरिनेछ । संस्थालाई सुरक्षाको र सहभागिताको दृष्टिकोण बाट नेपालको सन्दर्भमा नमुना सहकारीको रुपमा समुदायमा परिचित गराउन आवश्यक पर्ने रणनितिको विकास गरि लागु गरिनेछ ।अन्त्यमा, लुम्बिनी प्रदेश, कृषि तथा सहकारी मन्त्रालय, सहकारी विभाग लगायत घोराही उपमहानगरपालिका र अन्य नियमनकारी निकायहरु बाट प्राप्त भईरहेको मार्गदर्शन, सहयोग र प्रोत्साहनको लागि म हार्दिक धन्यवाद ब्यक्त गर्न चाहन्छु । विभिन्न चुनौतिपूर्ण घडीमा समेत संस्थालाई साथ दिई संस्थाको उत्तरोत्तर प्रगतिमा सहयोग र संरक्षकत्व प्रदान गर्नुहुने आदरणीय शेयर सदस्य महानुभावहरु प्रति कृतज्ञता व्यक्त गर्दै आगामि दिनहरुमा पनि यस्तै सहयोग र समर्थन रहिरहने अपेक्षा गर्दछु । त्यसैगरि संस्थालाई सफलतापुर्वक संचालन गरि आजको सुदृढ अवस्थामा पुर्‍याउन अथक परिश्रम एवं

उच्च मनोबलका साथ अहोरात्र खटिनुभएका संस्थाका कर्तव्यनिष्ठ कर्मचारीहरु र संस्था तथा सहकारी क्षेत्रका सूचना हरुलाई आम समुदायमा पुर्‍याउन महत्वपूर्ण भुमिका निर्वाह गर्नुहुने सञ्चारकर्मी महानुभावहरु लगाएत सम्पूर्ण सञ्चालक साथीहरुलाई समेत यो अवसरमा हार्दिक धन्यवाद प्रदान गर्दै ज्ञणऔंबार्षिक साधारण सभामा उपस्थित सम्पूर्ण सदस्यमहानुभावहरु लगायत उपस्थित सम्पूर्ण महानुभावहरुलाई हार्दिक धन्यवाद प्रदान गर्दै नजिकिदै गरेको नेपालीहरुको महान चाड बडादशैं, तिहार, नेपाल सम्बत तथा छठ पर्वको उपलक्ष्यमा यहाँहरुको सुस्वास्थ्य, दीर्घायु र उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै बिदा हुन चाहन्छु ।

जय सहकारी

श्रीधर घिमिरे
अध्यक्ष

ऋद्धिसिद्धि बचत तथा ऋण सहकारी संस्था लि.

घोराही–०४,दाङ

उपाध्यक्षको तर्फबाट स्वागत मन्तव्य

श्री सुनिल घिमिरे, उपाध्यक्ष

संस्थाको यस १०औं बार्षिक साधारण सभा समारोहका आदरणीय सभाध्यक्ष महोदय,प्रमुख अतिथि ज्यू, विशेष अतिथिज्यूहरु, अतिथी ज्यूहरु संचालक समितिका पदाधिकारी ज्यूहरु, लेखा सुपरिवेक्षण समितिका पदाधिकारी ज्यूहरु, ऋण उपसमितिका पदाधिकारी ज्यूहरु, सल्लाहकार ज्यूहरु, संस्थाका धरोहरका रुपमा रहनुभई आफ्नो व्यस्तताका बाबजुद पनि यस गरिमामय सभामा उपस्थिती जनाईरहनुभएका सम्पूर्ण शेयर सदस्य महानुभावहरु, संस्थामा कार्यरत सम्पूर्ण कर्मचारी साथीहरु लगायत उपस्थित सञ्चारकर्मी महानुभावहरुका साथै यस सभालाई विशेष महत्व दिई सभाको गरीमा बढाईरहनु भएका सम्पूर्ण महानुभावहरु तथा संस्थाको आधिकारीक फेसबुक पेज मार्फत सभाको प्रत्यक्ष अवलोकन गरिरहनुभएका सम्पूर्ण महानुभावहरु तथा नियामक निकाय प्रति म संस्थाको तर्फबाट धन्यवाद् तथा न्यानो अभिवादन व्यक्त गर्दै हार्दिक स्वागत गर्न चाहन्छौं ।

समाजमा छरिएर रहेका वित्तिय श्रोत र साधन लाई सहकारीताको माध्यमबाट एकिकृत गरि सदस्यहरुमाझ सन्तुलित तवरले परिचालन गरि सदस्यहरुको आर्थिक तथा सामाजिक उत्थानमा सकारात्मक भुमिका निर्वाह गर्नुको साथै समग्र देशको अर्थतन्त्रमा समेत सकारात्मक योगदान पुर्याउँदै सदस्यहरुको वृहत्तर हितमा लगानी गरि सदस्यहरुको आर्थिक उन्नती र विकासमा सहयोग गर्ने उद्धेश्यका साथ सदस्यहरुद्धारा सदस्यहरुकै लागि सञ्चालित यस ऋद्धिसिद्धि बचत तथा ऋण सहकारी संस्था लिमिटेडले आज १०औ बार्षिक साधारण सभा सम्पन्न गर्न गईरहेको छ । यस संस्थाले नियामक निकायबाट गरिएका निरिक्षण तथा अनुगमनबाट प्राप्त निर्देशनात्मक सुझाव एवं सल्लाह आत्मसाथ गदै उच्च प्राथमिकताका साथ कार्यान्वयन गर्ने गरेको कारण संस्थालाई थप सबल बनाउन महत्वपूर्ण भूमिका खेलेको छ । यस संस्थाले नियामक निकाय बाट समय समयमा जारि गरेका सहकारी सञ्चालनका विकशित मापदण्ड तथा निती नियमहरुको पालना प्रति पूर्ण प्रतिबद्ध रही सोहि अनुरुप कार्य सञ्चालनको प्रयत्न गरिरहेकोले संस्थालाई थप सुदृढ हुने अवसर मिलेको अनुभुती भएको छ । आगामी दिनमा समेत सकारात्मक निर्देशनात्मक सुझावहरुको अपेक्षा गर्दै सम्पूर्ण सरोकारवालाहरुको मार्गदर्शन प्रति हार्दिक आभार प्रकट गर्न चाहन्छौं । सहकारी क्षेत्र नितिगत रुपमा

राज्यको उच्च प्राथमीकतामा परेको भएतापनि वित्तीय क्षेत्रमा देखिएको अस्थिरता र समग्र देशको आर्थिक अवस्था तथा विश्वव्यापी मूल्यवृद्धि र आर्थिक मन्दी को प्रभावको कारण कर्जा लगानी तथा असूली प्रभावित भएको र सहकारी क्षेत्रले भोग्नुपरेको विद्यमान असहजताका कारण संस्थाका सदस्य महानुभावहरुलाई थप दबाब परेको यहाँहरु सबैमा जगजाहेर छ । त्यसैले संस्थाले सुरक्षित लगानीका भरपर्दा क्षेत्रहरु पहिचान गरि कर्जा लगानीमा कसीलो निती अख्तियार गर्नुपर्ने आजको आवश्यकता बनेको छ । संस्थामा कायम रहेको तरलतालाई सही रुपमा व्यवस्थापन गर्न र संस्थागत जोखिमलाई न्यूनिकरण गर्दै निक्षेप, कर्जा तथा सेवा प्रवाहको को गुणस्तर वृद्धि गर्दै आगामी दिनमा संस्थालाई थप सबल बनाउँदै लैजान आवश्यक भूमिका निर्वाह गर्न संस्था प्रतिवद्ध रहेको छ। साथै सबै सरोकारवाला निकायहरुको चासो लाई ध्यान दिँदै संस्थालाई थप सबल, सुरक्षित, व्यवस्थित र विधीसम्मत तवरबाट संस्था सञ्चालन गर्नको निमित्त विगतमा जस्तै आगामी दिनहरुमा पनि यहाँहरुको निरन्तर साथ, सहयोग, सद्भाव र सुझाव को अपेक्षा गरिन्छ ।

अन्त्यमा विभिन्न कार्य व्यस्तताका बाबजुद पनि आफ्नो अमूल्य समय प्रदान गर्नुभई यस गरिमामय सभामा आफ्नो उपस्थिति जनाई सभाको गौरव बढाउन महत्वपूर्ण भूमिका निर्वाह गरिरहनुभएका सम्पूर्ण महानुभाव प्रति हार्दिक आभार प्रकट गर्दै आगामी दिनहरुमा यहाँहरुको अझ बढी साथ, सहयोग, सहभागिता प्रभावकारी सुझावको अपेक्षाकासाथ पुन यहाँहरुलाई हार्दिक स्वागत गर्दछु ।

धन्यवाद!!!
जय सहकारी!

सुनिल घिमिरे
उपाध्यक्ष

ऋद्धिसिद्धि बचत तथा ऋण सहकारी संस्था लि.

घोराही-०४,दाङ

आर्थिक वर्ष २०८०/२०८१ को
सचिवको तर्फबाट वार्षिक प्रतिवेदन

श्री बिकास पाण्डेय, सचिव

शसभाका सभाध्यक्ष महोदय, प्रमुख अतिथिज्यू, अतिथि वर्ग, सहकारीकर्मी मित्रहरु, संस्थाका सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति विभिन्न उप-समितिका साथीहरु एवं आदरणीय सदस्य महानुभावहरु, यस १०औं साधारण सभामा उपस्थित हुनुहुने सम्पूर्ण शेयर सदस्यज्यूहरु प्रति संचालक समितिका तर्फबाट हार्दिक सहकारी अभिवादन टक्रयाउन चाहन्छु ।

उपस्थित सम्पुर्ण शेयर सदस्यज्यूहरु समक्ष यस संस्थाको ८औं साधारण सभा समक्ष आ.व.२०८०/०८१ को प्रगति प्रतिवेदन, चालु आ.व.२०८१/०८२ को प्रस्तावित कार्यक्रम पेश गर्न अनुमति चाहन्छु ।

सभाध्यक्ष महोदय,

अब म यहाँहरुसमक्ष आर्थिक बर्ष २०८०/०८१ को बार्षिक प्रगति विवरण तथा चालुआर्थिक बर्ष २०८१/०८२ को लागि बार्षिक कार्यक्रमहरु यस प्रतिवेदन मार्फत यस सम्मानीत १० औं बार्षिक साधारण सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१. सदस्यता :

यस आ. ब.मा नयाँ सदस्यहरु थप गर्दै सदस्य संख्या १४८५ पुऱ्याउन सफल भएका छौं । जसमा महिलाको संख्या ६२८ छ भने पुरुषको संख्या ८३६ र अन्य २१ रहेको छ ।

२. वित्तिय अवस्था

आ.व. २०८०/०८१ को अन्त सम्ममा संस्थाको शेयर पूँजी रु. ६८,९८,८०० ।-, जगेडा कोष २६,९८,५३३ ।७० तथा अन्य कोष रु. ८,५४,०१५ ।३१ बचत (निक्षेप) रु. ४,५६,८८,७७० ।७५ सदस्यहरुलाई प्रदान गरेको ऋण लगानी रु. ४,४२,३५,९८५ ।९८, वित्तीय लगानी रु. ५,१२,१०० ।-, भएकोछ भने कूल सम्पति रु. ५,७३,६०,२४८ ।७६ भएको छ ।

३. कार्यालय सम्पति बृद्धि :

१. फर्निचर (काउन्टर)

४. बार्षिक कार्ययोजना

यस बर्ष देखि बार्षिक कार्ययोजना निमार्ण गरेर अघि बढ्ने कार्यको थालनी भएको छ । यस बर्ष प्राथमिकताका परेका निम्न कृयाकलापहरुको कार्ययोजना निर्माण गरिएको छ

- ऋण लगानी र अनुगमन
- बिमा (ऋणीहरुको)
- कार्यक्षमता अभिवृद्धि तालिम
- सदस्य पुनर्ताजकी तालिम
- बचतमा बृद्धि
- साक्षरता कार्यक्रम
- घरदैलो कार्यक्रम

५.शिक्षा तालिम

मिति २०८०/११/२७ गते एक दिने सहकारी शिक्षा कार्यक्रम आयोजना गरियो। सो कार्यक्रममा सहभागीहरुबाट प्रतिकृया संकलन गरिएमा अधिकाशं सहभागीबाट राम्रो प्रतिकृया आएको छ ।

६. सम्मान प्रदान

गत साधारण सभामा उत्कृष्ट बचतकर्ता र ऋणीलाई सम्मान गरियो ।

७. सहभागीता

- २०८० ।१० ।१२ मा ब्यबस्थापक बिकेश चौधरी राष्ट्रिय सहकारी बैंकको आयोजनामा सन्चालित Virtual मध्यमबाट कर्जा ब्यबस्थापन सम्बन्धी तालिममा सहभागी ।
- २०८१ ।३ ।२१ मा राष्ट्रिय सहकारी बैंकको आयोजनामा सन्चालित कर योजना सम्बन्धी परामर्श कार्यक्रममा ब्यबस्थापकको सहभागिता ।
- २०८१ ।२ ।२५ मा राष्ट्रिय सहकारी बैंकको आयोजनामा बचत तथा ऋण कारोबार आधारमा संरक्षित पुँजी फिर्ता कोषको गणना सम्बन्धी परामर्शमा ब्यबस्थापकको सहभागिता ।
- २०८१ बैशाखमा राष्ट्रिय सहकारी बैंकको आयोजनामा सहकारीका अध्यक्षको क्षमता अभिवृधी तालिममा उपाध्यक्ष सुनिल घिमिरेको सहभागिता ।
- २०८१ ।०१ ।०७ COPOMIS सम्बन्धी परामर्श कार्यक्रममा ब्यबस्थापकको सहभागिता
- २०८० ।११ ।२७ बाँकेमा आयोजित सहकारी प्रशिक्षकको लागि ७ - दिने TOT तालिममा सहभागिता
- २०८० ।०९ ।१८ र १९मा COPOMIS तालिम (राष्ट्रिय सहकारी बैंक)मा सहभागी

- २०८० ।१२ ।२९मा घोराही उपमहानगरको आयोजनामा सन्चालित ऋण अशुली तथा तरलता व्यबस्थापन तालिममा सहभागी
- २०८१ ।०२ ।१४मा घोराही उपमहानगरको आयोजनामा सन्चालित वार्षिक प्रतिबेदन लेखन सम्बन्धी तालिममा सहभागी

८. कोपोमिस प्रणाली :

सहकारी विभागले लागु गरेको सहकारी तथा गरिवी व्यवस्थापन सूचना (Cooperative and Poverty Management Information System - CoPoMIS) प्रणालीमा आवद्ध भई नियमित रुपमा विवरण अद्यावधिक गर्दै आएको छ । संस्थाको मासिक प्रतिवेदनहरु तथा अन्य विवरणहरु यसै कोपोमिस प्रणाली मार्फत नियामक निकायहरुमा पठाउने गरिएको छ । यस वर्ष देखि पुर्णरुपमा कार्यान्वयन गर्ने तयारी गरिएकोछ ।

९. कर्मचारी बिबरण:

व्यवस्थापक १ जना, कार्यालय सहायक २ जना,वजार प्रतिनिधि २ जना गरी जम्मा ५ जना कर्मचारी रहेका छन् ।

१०. यस बर्ष देखि नियमित बचत र खुत्रुके बचतलाई बिशेष प्राथमिकताका साथ अगाडी बढाइएको छ ।

११. यस बर्ष देखि नियमित घर दैलो कार्यक्रम सुरु गरिएको छ ।

१२. भुक्तानीलाई सहज बनाउनका लागि QR Code मार्फत भुक्तानी गर्ने व्यबस्था मिलाइएको छ ।

१३. कारोबार व्यबस्थित राख्नको लागि Software लाई Update गरीलागु गरीएको छ ।

१२. यस आ.ब. सम्म खराव कर्जा कम मात्रामा रहेको जानकारी गराउन चाहन्छु ।

१३. सामाजिक उत्तरदायित्व अन्तरगत बिभिन्न क्षेत्रमा सहयोग गरिएको छ ।

१४. संचालक समितिको नियमित मासिक बैठक बसिरहेको जानकारी गराउन चाहन्छौं ।

१५. प्रत्येक लगानी ऋण उप समितिले अध्ययन गरी स्वकृत गरे बमोजिम मात्र भएको जानकारी गराउँदछौं ।

१६. बिभिन्न उप समितिहरुले सकृयतार्पुबक आफ्ना कामहरु गरिरहेका छन् ।

१७. लेखा सुपरिवेक्षण समितिको आबधिक बैठक बसी आबस्यक सुझाव तथा निर्देशन प्राप्त भईरहेको जानकारी गराउँदछौं ।

प्रस्तावहरुः

- यस संस्थाको कार्यक्षेत्र विस्तार गर्दै निकट भविष्यमा घोराही उपमहानगरपालिकाको वडा नं. १,२,३,४,१४,१५,१७ र १८ मा सेवा विस्तार गर्ने ।
- शेयर सदस्य सहकारी शिक्षा तालिम एवं बचतका फाईदा सम्बन्धि तालिम प्रदान गरि बचत संकलनमा बृद्धि गर्ने र शेयर सदस्यहरुलाई व्यवसाय मुलक तालिम दिई ऋण लगानीमा बृद्धि गर्ने ।
- लगानीका अन्य सम्भावित क्षेत्रहरुको अध्ययन गरी लगानीको दायरा बढाउने ।
- संस्थाका पदाधिकारी र कर्मचारीलाई तालिमको व्यवस्था गर्ने ।
- संस्थावाट नियमित रुपमा प्रकाशन भई रहेको क्यालेण्डरलाई निरन्तरता दिने ।
- आ.व.२०८१/०८२ को लेखा परिक्षण र साधारण सभा समयमै गराउने व्यबस्था गर्ने ।
- हालै संचालनमा रहेको सफ्टवयरलाई परिस्कृत गर्दै निकट भविष्यमा Mobile Banking सहितको सुविधा उपलब्ध गराउने ।
  यसका लागि आबस्यक निति नियम बनाउने तथा संशोधन गर्ने ।
- राष्ट्रिय सहकारी बैक लगायत अन्य बैंक तथा वित्तिय संस्थावाट ऋण लिने अधिकार संचालक समितिलाई प्रत्यायोजन गर्ने कुरालाई निरन्तरता दिने ।
- टोल टोलमा घरदैलो कार्यकम सन्चालन गर्ने ।
- संस्थालाई सवल र सक्षम बनाउनका लागी व्यवसायिक योजना निमार्ण गर्ने ।

अन्तमा यस संस्थाको दशौं वार्षिक साधारण सभामा आफ्नो कार्यव्यस्तताका वावजुद हाम्रो आमन्त्रण स्विकार गरी गरिमामय उपस्थिति हुनु भएकोमा प्रमुख अतिथि, विशिष्ट अतिथिज्यूहरु ,सल्लाहकारज्यू, सञ्चालक समितिका पधाधिकारीज्यू एवं सदस्यज्यूहरु, लेखा तथा सुपरिवेक्षण समितिका संयोजक एवंम सदस्यहरु, विभिन्न उप समिति सदस्यज्यूहरु, विभिन्न संघ संस्थाहरुवाट पाल्नु भएका अतिथिज्यूहरु, शेयर सदस्यज्यूहरु र कर्मचारी मित्रहरु प्रति हार्दिक आभार व्यक्त गदै आगामि दिनहरुमा सहयोगको आशा र अपेक्षा राख्दै यो प्रतिवेदन माथि आबस्यक छलफल गरी पारित गरिदिनुहुन हार्दिक अनुरोध गर्दछु । ***जय सहकारी*** !

बिकास पाण्डेय
सचिव

ऋद्धिसिद्धि बचत तथा ऋण सहकारी संस्था लि.

घोराही-०४,दाङ

आर्थिक वर्ष २०८०/२०८१ को
कोषाध्यक्षको तर्फबाट वार्षिक प्रतिवेदन

श्री सृजन अधिकारी, कोषाध्यक्ष

सभाका सभाध्यक्ष महोदय,
प्रमुख अतिथिज्यू, विशिष्ठ अतिथि, अतिथि वर्ग, सहकारीकर्मी मित्रहरु,
संस्थाका पदाधिकारीज्यूहरु, लेखा सुपरिवेक्षण समितिका साथीहरु एवं आदरणीय सदस्य महानुभावहरु,

सर्वप्रथम आज संस्थाको १०औं बार्षिक साधारण सभालाई सफल बनाउन यस सभामा उपस्थित हुनु भएका सम्पूर्ण महानुभावहरूमा मेरो व्यक्तिगत एवम् संस्थाको तर्फबाट हार्दिक न्यानो अभिवादन तथा समस्त महानुभावहरूमा सुख, शान्ति, समृद्धि, र सु-स्वास्थ्यको कामना गर्दछु । गत आर्थिक वर्षको आर्थिक स्थिति, प्रगति र प्रमुख उपलब्धिहरूको सिंहावलोकन प्रस्तुत गर्ने हाम्रो सहकारीको कोषाध्यक्षको तर्फबाट आज तपाईंहरू सामु खडा हुनु मेरो सुअवसर हो । सर्वप्रथम, यस सहकारीको व्यवस्थापन र सञ्चालनमा निरन्तर विश्वास र समर्थनका लागि म तपाइँ सबैलाई हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु । तपाइँको सक्रिय सहभागिता र प्रतिबद्धताले हामीलाई निरन्तर वृद्धि र सफलता हासिल गर्न सक्षम बनाउन महत्वपूर्ण भूमिका खेलेको छ ।

वित्तीय प्रतिवेदनका विवरणहरू सुरु गर्नु अघि, म सहकारीको प्रकृति र महत्व, विशेष गरी हाम्रो देश, नेपालको सन्दर्भमा केही कुरा गर्न चाहन्छु । सहकारीहरू सामूहिक प्रयास र पारस्परिक लाभका सिद्धान्तहरूमा गहिरो जरा गाडिएका अद्वितीय संस्था हुन् । नाफामा सञ्चालित संस्थाहरू भन्दा फरक, सहकारीहरू सदस्य-केन्द्रित संस्थाहरू हुन् जुन आफ्ना सदस्यहरूको आर्थिक, सामाजिक र सांस्कृतिक आवश्यकताहरू पूरा गर्न डिजाइन गरिएको हो । नेपालमा सहकारीहरूले ग्रामीण र शहरी विकासमा महत्त्वपूर्ण भूमिका खेल्छन्, जसले गरिबी निवारण, वित्तीय समावेशीकरण र सामुदायिक सशक्तीकरणमा महत्त्वपूर्ण योगदान पुऱ्याउँछ ।

संक्षेपमा सहकारी आन्दोलन लोकतान्त्रिक नियन्त्रण, साझा स्वामित्व र नाफाको न्यायोचित वितरणमा आधारित हुन्छ । प्रत्येक सदस्यको आवाज छ, र निर्णयहरू सामूहिक रूपमा लिइन्छ, यो सुनिश्चित गर्दै कि सहकारीले सबैको हितमा काम गर्दछ । यो मोडेलले हाम्रो समाजलाई परिभाषित गर्ने एकता र सहयोगको भावनासँग पूर्ण रूपमा पङ्क्तिबद्ध छ ।

आज हामी यहाँ भेला हुँदा, हामी अर्को आर्थिक वर्ष मात्र होइन तर यस सहकारीको सदस्यको रूपमा हामीलाई एकताबद्ध गर्ने गहिरो बन्धन मनाउँछौं । हाम्रो शक्ति हाम्रो एकतामा निहित छ, र हाम्रो सामूहिक प्रयासले हाम्रो संस्थाको प्रगति र दिगोपनलाई अगाडि बढाउँछ ।

सहकारीको उद्देश्य प्रत्येक वर्ष नाफा प्रतिशत बढाउनु मात्र होइन, यसले आफ्ना सदस्यहरूलाई कसरी सेवा दिन्छ भन्ने महत्त्वपूर्ण छ । हामी कुनै पनि कठोर परिस्थितिमा दृढतापूर्वक उभिन सक्षम छौं । अनुकुल आर्थिक वातावरणका कारण हाम्रा सदस्यहरू नराम्ररी पीडित छन् भन्ने हामीलाई थाहा छ । यस अवस्थामा हामीले व्याजदर घटाउँदैछौं र उनीहरूले आफ्नो व्यवसायलाई टिकाउन विभिन्न सुविधा दिइरहेका छौं । यसका साथै हामी आक्रामक रूपमा लगानी गर्दैनौं जसले गम्भीर समस्या निम्त्याउन सक्छ । हाम्रो बोनस प्रतिशत कम देखिन्छ भन्ने कारणहरू यी हुन् । यो कम उपलब्धिमा हामी सन्तुष्ट छौं भन्ने कुरा सत्य होइन । लगानीको विविधिकरणमा हामीले गम्भीरतापूर्वक सोच्न र आय आर्जनका लागि नयाँ आयाम खोज्नुपर्छ भन्ने कुरामा हामी सचेत छौं ।

सभाध्यक्ष महोदय, अब म यस सम्मानीत सभा समक्ष संस्थाको गत आर्थिक वर्ष २०८०/०७९ को संक्षिप्त आर्थिक विवरण तथा चालु आर्थिक वर्ष २०८१/८२ को अनुमानित आयव्यय विवरण (बजेट) र बार्षिक लक्ष्यको विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

सर्बप्रथम म यस सभा समक्ष गत आर्थिक वर्ष २०८०/०८१ मा गरेका आर्थिक क्रियाकलापहरूको संक्षिप्त विवरण प्रस्तुत गर्न चाहन्छु ।

१. शेयर पूँजी :-

आर्थिक वर्ष २०८०/०८१ को शुरुमा संस्थाको शेयर पूँजी रू. ५८,६५,३०० ।- भएकोमा गत आ.व मा खुद रू. १०,३३,५००।- बृद्धि भई सोही आ.ब.को अन्तसम्ममा रू. ६८,९८,८००।- भएको छ, जुन अघिल्लो आर्थिक बर्षको तुलनामा १७.६२ % ले बृद्धि भएको छ भने पल्स अनुगमन प्रणाली अनुसार संस्थाको शेयर पूँजी कूल सम्पतिको तुलनामा १२.०२% रहेको छ ।

२. बचत (निक्षेप) :

निक्षेप तर्फ आ.व.को शुरूमा बचत (निक्षेप) रू. ३,६७,६१,४२२ ।०७ रहेकोमा आ.व. २०८०/०८१ मारू. ८९,२७,३४८.६८ थप भई सोही आर्थिक बर्षको अन्तमा बचत (निक्षेप) रू. ४,५६,८८,७७०.७५ भएको छ, जुन गत आर्थिक बर्ष को तुलनामा२४.२८% ले बृद्धि भएको छ । पर्ल्स अनुगमन प्रणाली अनुसार संस्थाको बचत (निक्षेप) कूल सम्पतिको७०-८०% हुनु पर्नेमा ७९.६५% रहेको छ । बचत सम्बन्धी विस्तृत जानकारी यसै प्रतिवेदन पुस्तिकाकोलेखा परिक्षण प्रतिवेदनमा रहेको जानकारी गराउन चाहन्छु ।

३. ऋण लगानी र असुली :-

आ.व. २०७९/०८० मा कुल लगानी रू. ३,५१,११,४०० ।८० रहेकोमा आ.व. २०८०/०८१ को अन्त सम्ममा रू९१,२४,५८५ ।२ लगानीमा खुद वृद्धि भई कुल लगानी रू. ४,४२,३५,९८६.० रहेको छ । पर्ल्स अनुगमन प्रणाली अनुसार संस्थाको सदस्यहरूमा लगानीमा रहेको ऋण रकमकूल सम्पतिको ७०-८०% हनु पर्नेमा खुद ऋण ७७.१% रहेको छ ।

४. आय व्यय विवरण :

संस्थाले गत आर्थिक वर्ष २०८०/०८१ मा कूल आम्दानी तर्फ खुदव्याज आम्दानी रू. २७,९५,५५४ ।५७ र अन्य आम्दानी रू.१२,८७,३८७ ।२७ गरी जम्मा रू. ४०,८२,९४१ ।८४ र कुल खर्च रू. २५,२७,७२६ ।२० भई कूल बचत (नाफा) रू. १५,५५,२१५ ।६४ भएका छ। कुल बचत (नाफा) लाई आयकर ऐन अनुसार कर छुट्याई बाकी नाफालाई सहकारी ऐन तथा संस्थाको विनियम अनुसार विभिन्न कोषहरूमा विभाजन गरिएको छ ।

५. जगेडा कोष तथा अन्य कोषहरू :-

सहकारी ऐन २०७४ र नियमावली २०७५ अनुसार बचत (नाफा) को कम्तीमा २५% जगेडा कोष छुट्याई बाँकीबाट कम्तीमा २५% संरक्षित पूँजी फिर्ता कोष र ०.५% (शुन्य दशमलब पाँच) सहकारी प्रवर्द्धन कोष छुट्याई बाँकी रहेको रकमबाट अन्य कोषमा विभाजन गर्नु पर्ने व्यवस्था गरेको छ । सोही अनुसार आ.ब. २०८०/०८१ को बचत (नाफा) बाँडफाँड पश्चात् संस्थाको जगेडा कोषमा रू. (२,३२,७१६ ।७७ र ८,१३,९८५ ।५) संरक्षित पूँजी फिर्ता कोषमा रू.१,७४,५३७ ।३३ तथा अन्य कोषहरू गरी जम्मा रू. ९,३०,८६५ ।७५ भएको व्यहोरा जानकारी गराउन चाहन्छु । कोष सम्बन्धी विस्तृत विवरण लेखा परिक्षण प्रतिवेदनमा समावेश गरिएको व्यहोरा पनि जानकारी गराउन चाहन्छु ।

६. तरलताः-

संस्थाको कारोबारका लागि आवश्यक तरलता व्यवस्थापनका लागि संस्थाले विभिन्न बैंक तथा संस्थाको छाता संगठनहरूमा खाता खोली कारोबार गर्दै आएको छ । संस्थाले गत आर्थिक बर्ष २०८०/०८१ को अन्तसम्ममा ढुकुटीमा रहेको नगद रू. ३ ।२७ र विभिन्न बैंकमा रू. १,१८,९२,९५७ ।१६ गरी जम्मा रू. १,१८,९२,९६० ।४३ तरलता रहेको छ । जुन संस्थाको कूल बचतको २६.०३% रहेको जानकारी गराउन चाहन्छु । तरलता सम्बन्धी जानकारी लेखा परिक्षण प्रतिवेदनमा समावेश गरिएको व्यहोरा जानकारी गराउन चाहन्छु ।

७. कुल सम्पति (वासलात):

आर्थिक वर्ष २०७९/०८० को अन्तमा संस्थाको कुल सम्पति रू. ४,६९,५६,८०९.६८ भएकोमा गत आ.व.२०८०/०८१ मा रू. १,०५,११,९४६ ।२८ वृद्धि भई कुल सम्पति रू ५,७४,६८७५५.९६ हुन पुगेको छ जुन गत वर्षको तुलनामा २२.३८% ले वृद्धि भएको छ ।

अध्यक्ष महोदय, एवं सम्पुर्ण शेयर सदस्य महानुभावहरु अव म आ.व.२०८१/०८२ को प्रस्तावित आयव्यय विवरण तथा बजेत प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१.**<u>शेयर पुँजी:</u>**

गत आ.व.मा शेयर पुजी रु. ६८,९८,८०० ।- भएकोमा यस आ.व.मा शेयर पुजी रकम रु. ८०,००,००० । पुऱ्याउने लक्ष्य राखिएको छ ।

२.बचत संकलन:

गतबर्ष बचत संकलन रकम रु. ४,५५,००,००० । पुऱ्याउने लक्ष्य राखिएकोमा रु. ४,५६,८८,७७०.७५ ।- बचत संकलन रकम छ । यस वर्ष रु. ५,७५,००,००० । पुऱ्याउने लक्ष्य राखिएको छ ।

३.**<u>ऋण लगानी</u>** :

गतबर्ष ऋण लगानी रकम रु. ४,४५,००,००० पुऱ्याउने लक्ष्य राखिएकोमा रु. ४,४२,३५,९८६.० ऋण लगानी रकम छ । यस वर्ष रु. ५,५०,००,००० । पुऱ्याउने लक्ष्य राखिएकोछ ।

<u>४.खुद सञ्चालन बचत</u> :

खुद सञ्चालन बचत रु. ९,३०,८६५ ।७४ लाई विभिन्न सहकारी कोषमा राखिएको छ । यस आ.व.मा नियमानुसार शेयर लाभाशं रकम २,८६,०६६ लाई वितरण गर्ने प्रस्ताव गर्दछु ।

बिवरण	**यस वर्षथप रकम**
जगेडा कोष २५%	२३२,७१६।४४
संरक्षित पूँजी कोष २५%	१७४,५३७।३३
सहकारी प्रर्बधन कोष ०.५%	३,४९०।७५
शेयर लाभांश कोष ५५%	२८६०६६।६७
सहकारी बिकास कोष ५%	२६००६।०६
कर्मचारी बोनस कोष १०%	५२०१२।१२
सहकारी शिक्षा कोष १०%	५२०१२।१२
घाटा पूर्ती कोष ५%	२६००६।०६
सामुदायिक विकास कोष ५%	२६००६।०६
सहुलियत कर्जा कोष ५%	२६००६।०६
अन्य जोखिम कोष ५%	२६००६।०६
कोषको जम्मा	**९,३०,८६५।७४**

५. आ.ब २०८०/०८१ वास्तविक आयव्यय तथा आ.व.२०८१/०८२ को प्रस्तावित आयव्यय विवरण:

आय विवरण

क्र.स.	विवरण	८०।८१ को अनुमानित	८०।८१ को वास्तविक	८१।८२ को अनुमानित
१.	ऋणको ब्याज	६६,७५,०००।००	५८६२००२।५४	७००००००
२.	बैक ब्याज	२,००,०००।००	४६६०५६।७७	४०००००
	कर्मचारी खर्च	१,०००,०००	९८२६८०	१,०००,०००
	टेलिफोन तथा नेट	३०,०००	२२,३९०।००	३०,०००
	बिमा	४५,०००	७४,३४६।००	८०,०००
	संचालक समिति खर्च	९०,०००	१०४,६६४।००	११०,०००
	बत्ति र पानी	३०,०००	१९,६९४।००	२५,०००
	मर्मत	५०,०००	१५,८४०।००	४०,०००
	इन्धन	७०,०००	६२,४५१।००	७०,०००
	विविध	८०,०००	६७,८२५।००	८०,०००
	बचतको ब्याज	३५६००००	३०६६४४७।९७	३५०००००
	घरभाडा	९०,०००	८७,१२०।००	९०,०००
	अतिथि सत्कार	१०००००	९९,०९०।००	१०००००
	बचत प्रोत्साहन खर्च	१०००००	३७१,४३५।००	४०००००
	सफ्टबयर शुल्क		३०,५१०।००	३२०००
	नविकरण		४,२५०।००	५०००
जम्मा		**५८९५०००**	**५५०९७२२।९७**	**६१७७०००**
कुल बचत		**१,३७३,०००**		

ऋद्धिसिद्धि बचत तथा ऋण सहकारी संस्था लि.

घोराही उप-महानगरपालिका-०४ गोग्ली, दाङ

२०८०/४/०१ देखी मिति २०८१/०३/०१ सम्मको

आय विवरण

विवरण	अनुसुची	आ.ब. २०८१/०३/०१	आ.ब. २०८०/०३/३१
ऋण लगानीबाट व्याज आम्दानी		५,८६२,००२.५४	५,१२९,६२३.९३
निक्षेपमा व्याज खर्च		३,०६६,४४७.९७	२,५४३,४९४.९६
खुद आम्दानी		२,७९५,५५४.५७	२,५८६,१२८.९७
बैंक व्याज आम्दानी		४६६,०५६.७७	२७०,१८७.१८
बिक्रि	४.९	-	-
अन्य आम्दानी	४.१४	८२१,३३०.५०	९२६,१८९.८०
कुल सञ्चालन आम्दानी		४,०८२,९४१.८४	३,७८२,५०५.९५
सञ्चालन खर्च	४.१२	१,४१९,,८४९.००	१,०५२,२३८.५८
कर्मचारी खर्च	४.१३	९८२,६८०.००	८८४,४६३.००
मर्मत तथा सम्भार खर्च		१५,८४०.००	१७,४५०.००
बिक्रि लागत	४.१०	-	-
ह्रासकट्टी खर्च	१०	१०९,३५७.२०	९८,२२४.४५
जम्मा खर्च		२,५२७,७२६.२०	२,०५२,३७६.०३
संचालन नाफा वा (नोक्सान)		१,५५५,२१५.६४	१,७३०,१२९.९२
जोखिम कोष		४६०,०७९.४७	-
कर्मचारी बोनस व्यवस्था		-	-
आयकर व्यवस्था अघिको नाफा वा (नोक्सान)		१,०९५,१३६.१७	१,७३०,१२९.९२
आयकर खर्च		१६४,२७०.४३	१२१,१०९.०९
खुद नाफा वा (नोक्सान)		९३०,८६५.७५	१,६०९,०२०.८३

व्यवस्थापक   ले.सु.संयोजक   कोषाध्यक्ष   सचिव   अध्यक्ष   लेखापरीक्षक

ऋद्धिसिद्धि बचत तथा ऋण सहकारी संस्था लि.

घोराही उप-महानगरपालिका-०४ गोग्ली, दाङ

२०८०/२०८१ को

४.८ जगेडा कोष तथा अन्य कोषहरु

विवरण	गत बर्षको रकम	चालु बर्षको खर्च	जम्मा रकम	यस बर्ष थप	जम्मा कोष
खुद नाफा वा (नोक्सान)				९३०८६५.७४६६	
जगेडा कोष– २५%	१,६५१,८३१.८०	–	२,४६५,८१७.२६	२३२,७१६.४४	२,६९८,५३३.७०
अन्य कोषहरु					
संरक्षितपुजि कोष–२५%	४७८,५८५.००	३०१,६९१.००	–	१७४,५३७.३३	१७४,५३७.३३
सहकारी प्रवंधन कोष– ०.५%	२२,८७०.००	२२,८७०.००	–	३,४९०.७५	३,४९०.७५
सेयर लाभान्स कोष– ५५%	५८५,०३२.४६	४९४,४७२.००	–	२८६०६६.६७९८	२८६,०६६.६८
सहकारीबिकास कोष–५%	२११,६९६.००	–	–	२६००६.०६१८	२६,००६.०६
सहकारी शिक्षा कोष–१०%	१३३,७१२.००	८९,९०४.००	–	५२०१२.१२३५९	५२,०१२.१२
कर्मचारी बोनस कोष–१०%	८९,९०४.००	८९,९०४.००	–	५२०१२.१२३५९	५२,०१२.१२
घाटा पुर्ति कोष–५%	१५५,८६६.००	–	१५५,८६६.००	२६००६.०६१८	१८१,८७२.०६
सामुदायिक बिकाश कोष–५%	९७,००९.००		–	२६००६.०६१८	२६,००६.०६
सहुलिय कर्जा कोष–५%	९७,००९.००	–	–	२६००६.०६१८	२६,००६.०६
अन्य जोखिम कोष –५%	९७,००९.००	–	–	२६००६.०६१८	२६,००६.०६
जम्मा	३,६२०,५२४.२६	९९८,८४१.००	२,६२१,६८३.२६	९३०,८६५.७५	३,५५२,५४९.०१

ऋद्धिसिद्धि बचत तथा ऋण सहकारी संस्था लि.

घोराही उप-महानगरपालिका-०४ [illegible], दाङ

२०८०/२०८१ को

वित्तीय स्थिती विवरण

विवरण	अनुसुची	आ.ब. २०८१/०३/३१ को (रु.)	आ.ब. २०८०/०३/३१ को (रु.)
सम्पत्ति			
गैर चालू सम्पत्ति			
सम्पत्ति, प्लान्ट र उपकरण	१०	३५७,९४३.४	३८४,१४४.५५
अमूर्त सम्पत्ति			-
लगानी हिसाब		-	-
लामो अवधिका ऋण लगानी	४.४	४४,२३५,९८६.०	३५,१११,४००.८०
जम्मा गैर चालू सम्पत्ति (क)		४४,५९३,९२९.३३	३५,४९५,५४५.३५
चालू सम्पत्ति			
मौज्दात			-
छोटो अवधिको ऋण लगानी			-
लगानी हिसाब	४.३	५१२,१००.००	५२४,१००.००
पाउनु पर्ने हिसाब	४.५	३६१,२५९.००	३४७,५२४.००
नगद तथा बैंक हिसाब	४.६	११,८९२,९६०.४३	१०,५८९,६४०.३३
जम्मा चालु सम्पत्ति (ख)		१२,७६६,३१९.४३	११,४६१,२६४.३३
जम्मा सम्पत्ति (क) + (ख)		५७,३६०,२४८.७६	४६,९५६,८०९.६८
कोष तथा दायित्वहरु			
पुंजी तथा कोषहरु			
शेयर पुंजी	४.७	६,८९८,८००.००	५,८६५,३००.००
जगेडा कोष	४.८	२,६९८,५३३.७०	१,६५१,८३१.८०
अन्य कोष	४.८	८५४,०१५.३१	१,९६८,६९२.४६
जोखिम कोष		९१३,४४८.४७	४५३,३६९.००
जम्मा पुंजी तथा कोषहरु (ग)		११,३६४,७९७.४८	९,९३९,१९३.२६
दायित्व			
गैर चालु दायित्व			
ऋण र सापटी			-
निक्षेप			-
कर्मचारी लाभ दायित्व			-
व्यवस्थाहरु			-
अन्य गैर चालु दायित्व			-
जम्मा गैर चालू दायित्व (१)			-
चालू दायित्व			
भुक्तानी दिनुपर्ने हिसाव	४.१५	१४२,४१०.११	१३५,०८५.२६
निक्षेप हिसाव	४.१६	४५,६८८,७७०.७५	३६,७६१,४२२.०७
ऋण र सापटी			-
आयकर दायित्व	४.१७	१६४,२७०.४३	१२१,१०९.०९
व्यवस्थाहरु			-
बैंक ओभरड्राफ्टहरु			-
जम्मा चालू दायित्व (२)		४५,९९५,४५१.२८	३७,०१७,६१६.४२
जम्मा दायित्व (१) + (२) (घ)		४५,९९५,४५१.२८	३७,०१७,६१६.४२
जम्मा कोष तथा दायित्व (ग) + (घ)		५७३६०२४८.७६	४६९५६८०९.६८

व्यवस्थापक | ले.सु.संयोजक | कोषाध्यक्ष | सचिव | अध्यक्ष | लेखापरीक्षक

ऋद्धिसिद्धि बचत तथा ऋण सहकारी संस्था लि.

घोराही उप-महानगरपालिका-०४ गोग्ली, दाङ

२०८०/४/०१ देखी मिति २०८१/०३/०१ सम्मको

नगत प्रवाह विवरण

	विवरण	यस वर्ष रु.	गत वर्ष रु.
(क)	**कारोवार सञ्चालनबाट नगद प्रवाह**	१०,००४,३२३	८,५५७,४९०
	खुद नाफा	१,०९५,१३६	१,७३०,१३०
	ह्रास कट्टी	१०९,३५७	९८,२२४
	आयकर भुक्तानी	(१२१,१०९)	(१४०,२५२)
	सञ्चालन सम्वन्धि चालु दायित्व र सम्पतिमा (कमी)–वृद्धि	८,९२०,९३९	६,८६९,३८८
	कर्जामा कमी–(वृद्धि)	-	-
	अन्य सम्पत्तिमा कमी–(वृद्धि)	(१३,७३५)	(२८०,९८७)
	निक्षेप दायित्वमा (कमी)–वृद्धि	८,९२७,३४९	७,२२१,०६४
	अन्य दायित्वमा (कमी)–वृद्धि	७,३२५	(७०,६९०)
(ख)	**लगानी कारोवारमा नगद प्रवाह**	(१०,१९४,५८२)	(४,६९४,३७९)
	दीर्घकालिन लगानीमा कमी–(वृद्धि)	(९,१२४,५८५)	(३,०३२,२६८)
	स्थीर सम्पत्तिमा कमि–(वृद्धि)	(८३,१५६)	(७०,५०६)
	दीर्घकालिन लगानीमा	१२,०००	(४९०,०००)
	कोष हिसाब भुक्तानी	(९९८,८४१)	(१,१०१,६०५)
(ग)	**वित्तीय श्रोत कारोवारवाट नगद प्रवाह**	१,४९३,५७९	१,४२३,१००
	दीर्घकालिन ऋण (वण्ड, डिवेन्चर आदि) मा वृद्धि/(कमी)	-	-
	शेयर पुंजीमा वृद्धि/(कमी)	१,०३३,५००	१,४२३,१००
	जोखिम कोष भुक्तानी	४६०,०७९	-
(घ)	**नगद तथा बैंक मौज्दातको विनिमय दरमा भएको फरकवाट आम्दानी-खर्च**	-	-
(ङ)	**यस वर्षको सर्म्पूण गतिविधिबाट नगद प्रवाह**	१,३०३,३२०	५,२८६,२१२
(च)	**यस वर्षको नगद तथा बैंकमा रहेको शुरु मौज्दात**	१०,५८९,६४०	५,३०३,४२९
(छ)	**नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात**	११,८९२,९६०	१०,५८९,६४०

व्यवस्थापक ले.सु.संयोजक कोषाध्यक्ष सचिव अध्यक्ष लेखापरीक्षक

अन्तमा यस वास्तविक आयव्यय विवरण तथा आ.व.२०८१/०८२ को प्रस्तावित आयव्यय विवरणलाई र यसै साथ संलग्न २०८०/०८१ को वार्षिक लेखापरिक्षण प्रतिवेदनलाई पारीत गरिदिनुहुन उपस्थित सम्पूर्ण शेयर सदस्य महानुभावहरुमा हार्दिक अनुरोध गर्दछु । साथै यस बजेट तथा कार्यक्रमलाई प्रभावकारी तरिकाले कार्यान्वयन गरी संस्थाको उदेश्य प्राप्त गर्न सम्पुर्ण समिति,उप समिति, शेयर सदस्य र कर्मचारीहरुवाट विशेष सहयोगको पुर्ण विश्वास लिएको छु ।

जय सहकारी!!!

सृजन अधिकारी
कोषाध्यक्ष

ऋद्धिसिद्धि बचत तथा ऋण सहकारी संस्था लि.

घोराही–०४,दाङ

आर्थिक वर्ष २०८०/२०८१ को लेखा सुपरिवेक्षण समितिको संयोजक तर्फबाट वार्षिक प्रतिवेदन

श्री गिरीराज न्यौपाने, संयोजक

ऋद्धिसिद्धि बचत तथा ऋण सहकारी संस्था लि.को दशौं वार्षिक साधारण सभाका सभाध्यक्ष ज्यू, प्रमुख अतिथि, विशिष्ट अतिथिज्यूहरु, सल्लाहकारज्यू, सञ्चालक समितिका पधाधिकारीज्यू एवं सदस्यज्यूहरु, लेखा तथा सुपरिवेक्षण समितिका संयोजक एवंम सदस्यहरु, विभिन्न उप समिति सदस्यज्यूहरु, विभिन्न संघ संस्थाहरुवाट पाल्नु भएका अतिथिज्यूहरु, पत्रकारज्यूहरु, शेयर सदस्यज्यूहरु र कर्मचारी मित्रहरु सबैमा संस्थाको तर्फवाट र मेरो तर्फवाट हार्दिक स्वागत गर्दछु ।

यस दशौं वार्षिक साधारण सभाको अबसरमा लेखासुपरिवेक्षण समितिको तर्फबाट प्रतिवेदन प्रस्तुत गर्नपाउँदा मलाई अत्यन्तै गर्व लागेको छ। यस सम्मानित सभासमक्ष संस्थाका आर्थिक प्रतिवेदनहरु हामीले आर्थिक वर्ष २०८०/०८१ मा संस्थामा गरेको सुपरिवेक्षण र मूल्याङ्कनका आधारमा हामीलाई लागेका सुझावहरु यस सभामा पेश गर्न गइरहेको छु । सदस्य महानुभावहरुले पनि हामीले पेश गर ेको यस प्रतिवेदन उपर सूक्ष्म अध्ययन गरी संस्थाका सञ्चालक तथा हामी लेखा सुपरिवेक्षण समितिका सदस्यहरुलाई आवश्यक राय सुझावहरु प्रदान गर्नुहुनेछ भन्ने अपेक्षाका साथ संस्थाको आर्थिक वर्ष २०८०/८१ को लेखा सुपरिवेक्षण समितिको तर्फबाट प्रतिवेदन पेश गर्ने अनुमति चाहन्छु ।

संस्थाको नामः ऋद्धिसिद्धि बचत तथा ऋण सहकारी संस्था लि.

ठेगानाः घोराही उपमहा न.पा. वडा नं. ४, गोग्ली दाङ्ग

कार्यक्षेत्रः घोराही उपमहानगरपालिका वडा नं ३ र ४ (साविक लक्ष्मीपुर गा.वि.स.)

१. **शेयर सदस्य संख्या** :
   पुरुष ८३६ जना,
   महिला ६२८ जना गरि
   जम्मा १४८५ जना

२. **जनशक्ति विवरण** :
   व्यवस्थापक १ जना,
   ट्रेनी सहायक २ जना,
   वजार प्रतिनिधि २ जना
   गरी जम्मा ५ जना

३. शेयर, बचत, लगानी र नाफा विवरण

शेयर पुँजी :

रु.६८,९८,८००/-(अड्सट्ठी लाख अन्ठानब्बे हजार आठ सय)

लगानी :

रु.५,१२,१००/-(पाँच लाख बाह्र हजार एक सय)

बचत संकलन :

रु.४,५६,८८,७७०.७५/-(चार करोड छपन्न लाख अठासी हजार सात सय सत्तरी रूपैयाँ पचहत्तर पैसा)

ऋण लगानी :

रु. ४,४२,३५,९८६/-(चार करोड बयालीस लाख पैंतीस हजार नौसय छयासी रुपैयाँ)

नगद तथा बैंक मोज्दातः

रु.१,१८,९२,९६०.४३/-(एक करोड अठार लाख बयानब्बे हजार नौ सय साठी रुपैयाँ त्रिचालीस पैसा)

कर अधिको नाफा :

रु १०,९५,१३६.१७/-(दश लाख पन्चानब्बे हजार एक सय छत्तीस रुपैयाँ सत्र पैसा)

कर:

रु १,६४,२७०.४३/-(एक लाख चौसट्ठी हजार दुई सय सत्तरी रुपैयाँ त्रिचालीस पैसा)

कर पछिको खुद नाफा:

रु.९,३०,८६५.७५/-(नौ लाख तिस हजार आठ सय पैंसट्ठी रुपैयाँ पचहत्तर पैसा) कार्यहरुको निति, नियम, सिमाहरु र सुझावहरु जनकारी गराउन अनुमति चाहान्छु:

- संचालक समिति को बैठक संख्या २२ पटक ,लेखासुपरीवेक्षण समिति को बैठक ४ पटक ,शिक्षा समिति को बैठक ४ पटक र ऋण उपसमिति को बैठक १३ पटक बसेको पाइयो ।
- सहकारीका कुनै पनि सदस्य अन्य कुनै पनि सहकारी संस्थाको संचालक समितिको कुनै पदमा नरहेका पाईयो ।
- संचालक समितिको बैठकमा सबै सदस्य हरु नियमित रूपमा उपस्थित रहेको पाइयो ।
- यस संस्थाले बिगत बर्ष जस्तै सदस्य हरु को कारोबारका आधारमा संरक्षित पुँजी फिर्ता कोष को रकम रु १,७४,५३७.३३/-(एक लाख चौहत्तर हजार पाँच सय सैंतीस रुपैयाँ तेत्तीस पैसा) नियम अनुसार बितरण गर्नेछ ।
- संस्थाको सबै भौचर हरु प्रमाणित भएको, भौचर नं र प्रमाणित बिल भरपाई हरु रहेको पाइन्छ । खर्चका बिल हरु अधिकार प्राप्त व्यक्ति वाट स्विकृत गरिएको पाईयो ।

- स्थिर सम्पत्तिमा उल्लेख भएका सामानहरु रुजु गर्दा सबै सामानहरु पाईयो ।
- संस्थामा कुनै किसमका नियम बिपरित काम कारबाही सम्पन्न गर्न कुनै किसिमको दबाब तथा भनसुन गरेको देखिदैन ।

सुझावहरु,

- शेयर सदस्य को सङ्ख्या तथा शेयरपुँजी तथा नियमित बचत बढाउनु पर्ने देखिन्छ ।
- ऋण समतिको संस्थामा मुख्य भुमिका रहेको हुदा ऋण समिति आफु जिम्मेवार भई किस्ता र ब्याज रुकेको ऋणको असुलीमा तदारुकता का साथ लाग्नुपर्ने देखिन्छ। साथै ऋण लगानी गर्दा लगानी का शिर्षक अनुसार यकिन गरि लगानी गर्नंपर्ने देखिन्छ ।
- संचालक समितिले साधारण सभा को म्यान्डेट अनुसार बचत र कर्जा को ब्याजदरहरु समायोजन गर्नुपर्ने देखिन्छ ।
- कर्मचारी को हितकोष तथा उपदान कोष को ब्यबस्था अनिवार्य गर्नंपर्ने देखिन्छ ।
- सञ्चालक समिति ,लेखासुपरिवेक्षण समिति तथा अन्य उप समिति को बैठक भत्ता अनिवार्य बचत खातामा जम्मा गरि सो को-E-TDS) गर्नंपर्ने देखिन्छ ।
- सहकारी ऐन अनुसार सुचना प्रभाबकारिताका लागि सुचना बोर्ड ,वडापत्र, सुचना अधिकारी, गुनासो पेटिका तथा गुनासो सुन्ने अधिकारी को सम्पर्क नम्बर को समेत ब्यबस्था मिलाउनु पर्ने देखिन्छ ।
- शिक्षा समितीले समय समयमा सहकारी सम्बन्धि चेतनामुलक शिक्षा कार्यक्रम गरि सदस्यहरुको आर्थिक, सामाजिक विकास हुने खालका नियमित बचत योजना ल्याई बचत गर्न उत्प्रेरित गर्नं पर्ने देखिन्छ ।
- बचत ७० देखी ८० प्रतिशत हुनुपर्नेमा ७९.६५% रहेकाले राम्रो देखिन्छ ।
- ऋण लगानी ७० देखी ८० प्रतिशत हुनुपर्नेमा ७७.१२% रहेको ले राम्रो पाइयो।
- तरलता २० प्रतिशत सम्म हुनुपर्नेमा २०.७३% भएकोले केही बढी पाइयो ।
- कोष रकम १० प्रतिशत हुनुपर्नेमा ५.०७% लाई केही प्रतिशत बढाउनु पर्ने देखिन्छ ।

अन्त्यमा,

आउँदै गरेको महान चाड दिपावलि तथा छठ पर्व को सम्पूर्ण शेयर सदस्यहरु लाई सुभकामना तथा यस संस्थालाई अग्र स्थानमा ल्याउनको लागी प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग गर्नं हुने सदस्य महानुभावहरुको सहयोगमा अझै संस्थाको बृद्धि एवं विकास हुने आशा राख्दै दशौं साधारण सभा समक्ष अनुमोदनको लागी प्रस्तुत गर्दछु ।

जय सहकारी!!!

श्री गिरीराज न्यौपाने
संयोजक

टिपोट

टिपोट

टिपोट

टिपोट

टिपोट